प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेलः vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

**सूचना नं. ०७८/७९/०५** प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२७

यस विज्ञ केन्द्र रुपन्देहीको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम प्रतिफलमा आधारित प्रोत्साहन अनुदान **"उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६"** बमोजिम संचालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका सहकारी वा कम्पनीहरुले तपसिल बमोजिमका सर्तहरु पालन गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/११/२७) भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रूपन्देहीमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पत्रका साथ पेश गर्नु पर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना कार्यालयको वेभसाईटः http://rupandehi.vethos.gov.npबाट प्राप्त गर्न सक्नु हुनेछ।

**तपसिलः**

१) अनुदानग्राहीको **छनौट मापदण्ड**

| क्र सं | वालि बस्तुको नाम | आवेदकको किसिम | अनुदान दिने आधारहरु | प्रमाणीत गर्ने आधारहरु |
|---|---|---|---|---|
| १ | माछा/मासु (खसी/बोका/ भेडा/बंगुर/ राँगा/ माछा) | सहकारी | • आ.व. ०७७/७८ को साउन महिना देखी चालु आ.ब. को असार मसान्त सम्म गरेको कारोवारको अभिलेख पेश गर्नु पर्ने (लेखापरिक्षण)<br>• संकलित विक्रि योग्य खसी/बोका/भेडा/ बंगुर/राँगा/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरुवाट खरिद गरेको हुनुपर्ने,<br>• खसी//बोका/भेडाको हकमा १००, बंगुरको हकमा ५० र रागाको हकमा कम्तिमा २० प्रति सहकारी प्रति बर्ष कारोवार गरेको हुनुपर्ने,<br>• माछाको हकमा तराईमा प्रति सदस्य कम्तिमा ५०० केजीका दरले एउटा सहकारीबाट १० मे टन कारोवार गरेको हुनुपर्ने, | • सहकारीको सदस्यहरुको पशुपन्छी तथा मत्स्यपालनको अभिलेख,<br>• सम्वन्धित स्थानिय तहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• विमा गरिएको प्रमाण,<br>• सहकारीको खरिद अभिलेख,<br>• सहकारीले आफै विक्रि वितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,<br>• ब्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारीबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख |
| २ | दुध उत्पादन | सहकारी/ कम्पनी/ निजि डेरी | • आ.व. ०७७/७८ को श्रावण १ गते देखी चालु आ.व. असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• सहकारी वा कम्पनीले संस्थागत रुपमा खरिद विक्री गरेको हुनुपर्ने,<br>• प्रति सहकारी/कम्पनीले मासिक औषत दश हजार लिटर उत्पादन तथा विक्री गरेको हुनु पर्नेछ<br>• साथै बार्षिक कम्तिमा २५० दिन दुधको कारोवार गरेको हुनुपर्ने | • सहकारी वा कम्पनीको संस्थागत अभिलेख,<br>• सम्वन्धित स्थानिय तहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• विमा गरिएको प्रमाण,<br>• सहकारी वा कम्पनीको खरिद विक्री अभिलेख, सहकारीले आफै विक्रि वितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,<br>• ब्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारी वा संस्थागत रुपमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेलः vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

**२) प्रोत्साहन अनुदानको मापदण्डः** जिउँदो खसी/बोका/भेडाको हकमा बढीमा प्रति केजी रु २५, राँगाको हकमा बढीमा प्रति केजी रु १५, बंगुरको हकमा बढीमा प्रति केजी रु २०, माछाको हकमा बढीमा प्रति केजी रु १० र दुधको हकमा बढीमा प्रति लिटर रु २ का दरले उपलब्ध गराईनेछ।

**३) संलग्न गर्नुपर्ने कागजातहरु**

<u>संलग्न गर्नु पर्ने कागजातहरुः</u>

- संस्था दर्ता, कर चुक्ता र नविकरण प्रमाणपत्र
- आ.व. ०७७/७८ को लेखा परिक्षण प्रतिवेदन
- अनुसूची -२ अनुसार निवेदन तथा अनुसूची -५ अनुसारको कार्ययोजना
- स्थानिय तहको सिफारिस
- आ.व. ०७७/७८को बार्षिक साधारण सभाको प्रतिवेदन
- कार्यक्रममा सहभागी हुने संस्था/ कम्पनीको निर्णय प्रतिलिपी
- सहकारी/ कम्पनी/ निजि डेरीमा आवद्ध पशुपालक कृषकहरुको पशु विमाका कागजातहरु

**पुनश्चः** यस सूचनामा छुट भएका बुदाँहरू "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६" बमोजिम हुनेछ। थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०७१-५७६५०६ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

पशु विकास अधिकृत